# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७८/०३/२३

**आठौं अधिवेशन**

**(तेइसौं बैठक)**

**बाचन पत्र (रिडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको तेइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय विरमान चौधरि**

माननीय सभामुख महोदय, कैलाली जिल्लाको पुर्बि साईट टिकापुर नगरपालिकामा बस्ने तीन बर्षे बच्चा बिबेक बिष्टको १ गते ११ बजे पछि त्यो बच्चा हरायको छ र त्यो या अपहरणमा परेको छ थाहा भएको छैन त्यसको बुवा बाहिर बसेको रआमा यहि बसेको खुलेको छ अझै त्यो बच्चा ३ बर्ष पुगेर चौथो बर्षमा लागेको वच्चा तिन दिन भैसकेको छ र हाल सम्म अत्तो पत्तो छैन कहा गयो या अपहरणमा पर्यो यसको यथा शिघ्र सरकारको म ध्यानाकर्षण गराउन चाहान्छु यो बच्चालाई जुन अवस्थामा त्यो अवस्थमा खोजेर जानकारी गरियोस धन्यबाद ।

**माननीय लिलाधर भट्ट**

माननीय सभामुख महोदय बैतडी जिल्लामा बिगत ५ दिन देखि सडक मर्मत गर्नेले २१ महिना देखि आफ्नो पारिश्रमिक नपाएर अहिले अनसन बसेका छन् र जब संघीय सरकारले पाटन पञ्चेश्वरलाई प्रदेश सरकार मातहतमा हस्तान्तरण गरेपछि सडक मजदुर १२ जनालाई लेन्थरको रुपमा जो १५ बर्ष देखि काम गरिरहेका थिय तिनिहरुलाई पनि प्रदेश सरकारको सरकारलाई हस्तान्तरण गरेको तियो तर त्यो काम गरेका कजदुरलाइ हस्तान्तरण गरे पचि पनि ३ महिनाको लागि पनि पारिश्रमिक प्रदेश पुर्बाधार कार्यलय डडेल्धुराले खुवायको थियो तर त्यो पछि अहिले २१ दिनसम्म उहाहरुको पारिश्रमिक भुक्तानी भएको छैन र उहाहरुलाई काम नगर भनेर पनि कुनै लिखित जानकारी गरेको चैन आज ति मजदुरलाई आफ्नो बालबालिका पाल्नु को लागि धौधौ परेको छ सडकमा बस्न परेको छ एकदमै हिजो एकल महिला ति लक्ष्मि पन्त अनसन बसेकि थिइन उनि अस्पताल भर्ना भयका छन लामो समय सम्म हामीले पटक पटक यो सदनमा कुरा उठायौ र सरकारको गम्भिर ध्यानाकर्षण गर्यौं र बजेट भन्दा पहिला नीति तथा कार्यक्रममा पनि हामीले ध्यानाकर्षण गर्यौं छीटै हामी त्यस्ता समस्याको समाधान गगर्छौं भनेर त्यहा राखियो तर अहिले सम्म पनित्यो खालको समस्यामा यो प्रदेश सरकार को कुरामा म सभामुख मार्फत सरकारको ध्यनाकर्षण गर्न चाहन्छु र छिटो भन्दा छिँटो त्यो समस्या लाई समाधान गर्न र ति २१ महिना देखि काम गरेका मजदुरको पारश्रमिक भुक्तानी गर्न म आग्रह गर्न चाहन्छु सभामुख महोदय

यसका साथै धेरे ठाउमा यस्ता लामो समय सम्म संघिय सरकारले बजौ बिनियोजन गरेका तर प्रदेश सरकारले त्यसको उत्तरदायित्व बहन  नगरेको छ त्यसतै खसषमा लामो समय काम गरेका कर्मचारीलाई बिगतमा अहिले खसडत समिति गठन गरेपछि १ बर्ष यता अहिले पारिश्रमिक मिल्यो ३ बर्षको उनिहरुको पारिश्रमिक अहिले सम्म मिलेको छेन हिजो ३ साढे तिन बर्ष सम्म उहाहरुले काम गर्नु भयो त्तहा पैसा रहेको छर  त्यो भयर पनि भुक्तानी भएको छैन र त्यसतै बिभिन्न सडकहरु अहिले प्रदेश सरकार मातहत गएका चन तर त्यसको लागि जवाफदेही बनेका छैनन अहिले त्यसको लागि ऐन बनेको छेन त्यसैले म सभामुख ज्यु मार्फत यो सरकारको गम्भिर ध्यानाकर्षण गरि यसलाइ समाधान गर्न को लागि तत्काल सरकार अगाडि बढोस भन्ने म ध्याना कर्षण गर्न चाहन्छु धन्यबाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय बझाङ जिल्ला  गाउपालिका यहि मिति २०७८/०३/१७ गते राती शूशिला रोकाया माथि कुटपिट पछि हत्या भएको पुष्टि भएको छ तर उनको लाश झुन्डयाको छ २९ बर्षे शुशिला रोकाया २ वटा बालबालिका ११ बर्षे र ७ बर्षेका  टुहुरा बनेका छन माननीय सभामुखमहोदय सु.प मा दिन प्रतिदिन महिला माथी हुने हींशा बलात्कार जस्ता केशहरु हुने भयकाले उक्त घटना झन्डेको अवस्थमा पनिफेला परेको छ तर पुरै शरिर भरि निल डाम र नाक बाट रगत बगेको टाउको र मुखमा समेत सारा शरिरमा निल डाम र बलड देखियको छ यो भन्दा अगाडि मदिरा सेवन गरेर पटक पटक कुटपिट र तपाईको  घरेलु हिंसा गर्दै आयकाले उक्त घटना हत्या नै हुन सक्ने सम्पुर्ण गाउलेले भनेका छन र सत्य तथ्य छानबिन गरि पिडकलाई कडा भण्दा कडा कारबाहिको माग गर्न चाहन्छु मानणीय सभामुख महोदय तलकोट गाउपलिका अस्तिको पानीले एकजना सुना देवि दमाईको बाढिको कारणले घर बगेर बाढिमा परेर मृत्यु भएको च र तलकोट गाउपालिका वडा नम्बर ६ मा त्यहि गाउ दलित वस्ति जोखिममा रहेको छ त्योलाई पनि छिटो भन्दा छिटो व्यवस्थाका लागि र उचित राहतको लागि पनि म बिनम्र अनुरोध गर्न चाहन्छु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरु,**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, नेपालको संबिधान अनुसुची ६ ले व्यवस्था गरे बमोजिम प्रदेश प्रहरी व्यवस्था र शान्ति सुरक्षाको बिषय प्रदेशको पहिलो कर्तव्यको रुपमा हामीले प्राथमिकतामा पर्छ । प्रदेश भित्र शान्ति सुरक्षा तथा लक्षित प्रादेशिक प्रशासन सञ्चालन गर्न प्रदेसमा हुने बिपत व्यवस्थापन द्वन्द ब्यवस्थापन तथा प्रदेश भित्र शान्ति सुरक्षा तथा अमनचयन सँग जोडियको कुरा को लागि पनि प्रदेश सरकार र प्रदेशको आन्तरिक मामिला तथा योजना मन्त्रायले स्वयम परिचालन गर्न पाउने प्रहरी प्रशानको आवश्यकता रहेको थियो हाल संघिय प्रहरि लागु भैसकेको अवस्थामा भयर पनि प्रदेशमा प्रहरी समायोजनको कामहरु बिलम्ब भयको छ तसर्थ प्रदेशमा शान्ति सुरक्षा व्यवस्था तथा अमन चयन कायम गरि नागरिक सुरक्षा तथा मानव अधिकार संरक्षण अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी काम गर्न वाञ्छनिय भएकोले प्रदेश प्रहरी सम्बन्दमा व्यवस्था गर्न बनेको बिधेयकलाई सु.प प्रदेश सभा नियमवली २०७४ को नियम १०६ को उपनियम २ बमोजिम सभासमक्ष टेबुल गर्दछु ।

**माननीय सदस्यहरु,**

**"प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"२०७८ ,** माथिको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७८"** माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, "सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७८" माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस् भनी प्रस्ताव पेश गर्छु धन्यबाद

अब म **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न**

**बनेको बिधेयक"२०७८ ,** माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक "२०७८ ,**माथि सामान्य छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७८"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा बिधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । बिधेयकको मनसाय स्पष्ट पार्न बाहेक बिधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ५ मिनेटको समय निर्धारण गरेको छु।

**सर्वप्रथम माननीय हर्क बहादुर कुँवर लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश निजामती सेवाको गठन सञ्चालन र सेवाका सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक यो बिधेयक तयार गर्ने मन्त्रालय र मन्त्री ज्यु र सम्बन्धित मन्त्रालयलाई धन्यबाद दिनचाहान्छु साथैयो बिधेयकले छिटै प्राप्त गर्ने पर्ने थियो हाम्रो कामहरु अलि यो बिधेयक अलि ढिला हाउसमा आको छ त्यहि पनि यले महत्वपुर्न भुमिका खेलोस भन्ने पनि शुभकामना दिन चाहान्छु यो बिधेयकको १-१४ वटा यले परिच्छेद बनाको छ र यो लामो समय दैखि कर्मचारीका सेवा सुबिधा र बिषयमा यले मार्ग खोलेको छ र यो बिधेयक कर्मचारीलाई शुस्त र मर्यादित र यले यो सु.प का कर्मचारीलाई व्यवस्थापनका क्षेत्रमा यले बाटो समातेको  छ त्यसैले यो बिधेयक मह्त्वपुर्ण पनि रहेको छ हामी यो नया संरचनामा प्रदेशको अवधारणा भएको कारणले आज कर्मचारीहरु अव्यवस्थित किसिमले अपर्याप्त किसिमले पाईन्छ यो छिट्टै बिधेयक प्राप्त भएको भय वा यो हाउस बाट पारित भएको भय त्ययले अगाडि धेरै काम गर्न सकिने थियो धेरै अगाडि भरपर्दो किसिमले जनताका आवश्यकतालाई

सुचारु गर्नको लागि यले मार्गनिर्देशन गर्ने थियो त्यहिव पनि ढिलै भय पनि यो आएको छ ढिलै भय पनि रमारो नै आको छ बन्ने मैले सोचेको चु र अब यले खेल्ने भुमिका मार्गप्रदर्शन र प्रशष्त त यले गरेको छ त्यहि पनि अब हामी आगामी दिनमा यसका बिषयमा छलफल गरौला बिषयगत समितिमा पनि जाला यो बिषय गत समितिमा यले छलफल गर्ने छ कतै त्रुटि कमजोरी भयो सच्याउन प्रने अवस्था रहेको छ भने यले मार्ग प्रसश्त गरोस र आगमी दिनमा कर्मचारीलाई मर्यादित र यो प्रदेशमा खेल्ने भुमिका सबैले समान प्राप्त गरोस बन्दै म बिदा हुन्छु धन्यबाद ।,

**माननीय भरत बहादुर खड्का**

माननीय सभामुख महोदय, समयको लागि हार्दिक धन्यबाद दिन चाहन्छु वास्तवमा संघीय सरकारले कर्मचारी सम्बन्धी बिधेयक समयमा ल्याएको भए साहेद यो पनि समयमा नै आउने थियो र त्यो धेरै अबिलम्ब भयो जस्तो मलाई लागेको छ र त्यो कारणले हामी पछाडि परेका छौं र त्यो पनि भाको छ र अब यो कर्मचारी भनेको महत्वपुर्ण पक्ष हो जुनकुरा आज हामी एउटा ऐन ल्याउदै छौं कर्मचारि भनेको एउटा स्थायि सरकार पनि हो र पब्लिक महत्वपुर्ण बिषय पनि हो मैले पहिला पोलिटकल साईन्समा पढ्दा खेरि एउटा कर्म भन्ने एउटा थेउरि थियो र त्यसको डिसिपिलन र यकान्ट पनि थियो र हाई यसको आफ्नो महत्व रहेको हुन्छ त्यसैले हाई भन्दा केरि यलाई भन्छ नेपालीमा सिढि भन्छन हामी यसरि माथि उभिदा तल बाट को सिढिको आफ्नो आफ्नो महत्व रहेको हुन्छ एउटा मात्र झिक्ने बितिकै ब्यालेन्स बिग्रिन्छ त्यसैले यो महत्वपुर्ण यो सफलता र असफलता कर्मचारीको को मा पनि भर पर्छ किनभने प्रदेशको आफ्नो किसिमको कुनै अधिकार रहेको छैन अब यो यतिमहत्वपुर्ण हुन्छ यो कानुन भने पछि पहिलाको प्रदेशमा हामी सँग कस्तो खालको कर्मचारीको आवश्यकता रहेको छ कुन तहको कर्मचारीको आवश्यकता रहेको छ जस्तो प्राबिधिक बढि चहिने हो कि यो त बनाको होला त्यो त त्यसैले गर्दा यो अलिकति महत्वपुर्ण रहेको छ त्यसैले गर्दा यो धेरै महत्वपुर्ण भएको नाताले पनि म यसमा के भन्ने चाहन्छु भने पछि मैले त यलाई हेर्न नै पाको छैन अहिले बोल्न प्रयो भनेर मात्र बोल्न पर्ने भएको कारणले हो यो धेरै महत्पवुर्ण बिधेयक भएको कारणले यलाई अत्यन्त छलफल गरेर अगाडि बढाउन पर्छ त्यो अगि पनि कुरा उठेको थियो यो समितिमा पनिजाला र बिज्ञहरुलाई पनि बोलाउन पर्छ र यसमा बिधेयकहरुजब कानुनमा परीणत हुन्छन हामीले भनेको बेला त्यो परिवर्तन हुदैन त्यसैले बिधेयको उत्पति बाट नै धेरे कुराहरु सोच्न पर्ने हुन्छ किनभने उत्पतिगर्ने बेलामा नै हामीले परपक्व ढंगले अगाडि बढ्न सक्यो भने राम्रो हुन्छ र पुर्ण बिधेयक भएको कारणले हुन तर बिधेयकहरु सबै महत्वपुर्ण नै हुन्छन तर यो बढि नै महत्वपुर्ण रहेको छ र जहा सम्म मेरो एउटा बडो चिन्ताको बिषय हो हामीले जो नेपालको निजामती कर्मचारीको अवस्था रहेको छ जुन प्रबृति रहेको छ त्यो बाट हामी सफल हुन्छौ ? त मैले देखेको छैन अब प्रदेशमा हामी कति गर्न सक्छौं यो नियम आईसकेपछि यो पाश भयो भने किनभनन्दा खेरि अत्यन्त महत्वपुर्ण पक्षहो यो कर्मचारी उनिहरुलाइ ईन्काउगन्ट पनि गर्न पर्ने हुन्छ शक्तिकरण गर्दैजाने क्षमता बृदि गर्दै जाने र दण्ड र पुरुस्कारको यो पनि व्यवस्था पनि गर्ने

पर्ने हुन्छ राम्रो गर्नेलाई पुरसकृत र गलत गर्नेलाई दण्ड दिने व्यवस्था समेत रहेको छ र पुर्ण अनुशान भित्र राख्नु पर्छ राष्ट्रसेवक कर्मचारीलाई हाकिम र बडा हाकिम पाराको होईन बनाउने हामीजनताका सेवक हौ भन्ने खालको बावनाको बिकास गराउन पर्छ र पनि हामी सबै जनताका सेबक हौ तर यहा उल्टो व्यवस्था भयको छ हामी मालक हुनसक्छौ हामी हाकिम हुन खोज्छौ तर हामी सबे जनताका सेवक हौ जनता हाम्रो मालिक हो त्यसैले जनतालाई त्यो केन्द्रमा राखेर हामी त्यो सेवा ग्राहीलाई जनतालाई सम्मान जनक ढंगले प्रबाह गर्छौं कि गर्दैनौ गुड गभर्नमेन्टको कुरा उठाउछौ शुशानको कुरा उठाउछे यो कुरा शुशान त्यो बेला आउछ जब सेवा ग्राहीलाई हामी सम्मानजनक पुर्बक हामी ले दिन सक्यो भने मात्र जनता सम्मानीत हुन्छ त्यसैले हामीले जनतालाई केन्द्रमा राखेर हामी सबैको माली राष्ट्रपतिदेखि लियर वडा सम्मको र कर्मचारीको देखि लियर तल सम्मको सहयोगि हामी राष्ट्रका सेवक हौ भन्ने किसिमले जब यो निजामती कर्मचारी र पोलिटिकल पक्षमा हामीले यलाई कायम रआख्न सकेनौ भने हामीले ऐन कानुन मात्र हामीले निर्माण गर्छौं यले केहि कामलाग्दैन त्यसैले मलाई लाग्छ भन्दा खेरि अब प्रदेश सरकारले यो बिधेयक पाश भै सकेपछि त्यो भन्दा पनि अगाडि मलाई लाग्छ पहिला त यो प्रदेशको यहाको होला किनभने यो बिधेयक त्यो पछि आको होला किन भने यो प्रदेशको अवस्थालाइ हेरेर हामीलाई कुन प्रकारका कर्मचारीहरुकति मात्रामा रहेका छन त्यसको राम्रो चाहिने हामीले विश्लेषण गरेर बनाको छौ कि छैनौ त्यो खालको यदि बनायर त्यो ल्याको हो भने यो त्यति अर्थ लाग्दैन किनभने प्राबिधिक क्षेतरमा हामीलाई कति मात्रामा चाहिन्छन कस्तो खालका चाहिन्छँन यो हामी पब्लिक तर्फ कुनकुन खालका चाहिन्छन कुन स्तरका चाहिन्छन कति चाहिन्छन ति कुराहरुको राम्रो लेखा जोखा गरेर नै यो आको होला र त्यसैले यो आफैमा राम्रो रहेको छ र त्यसैले यो बिधेयक को बारेमा अझ मेरो अनुरोध के रहेको छ भने सभामुख महोदय अत्यन्त गम्भिरतका साथ जब समितिमा छलफलमा जान्छ त्यहा बिज्ञहरुलाई बोलायर अझ किनभने प्रशाशकहरु बिज्ञहरुलाई बोलायर अब यलाई परिस्कृत गरेर जान पर्छ जस्तो मलाई लागेको छ यो आफैमा महत्वपुर्ण रहेको छ धन्यबाद

**माननीय महेश दत्त जोशी**

माननीय सभामुख महोदय, प्रदेश निजामती कर्मचारी व्यवस्थापन तथा सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७८ यो गरिमामय सदनमा प्राप्त भएको छ र यसको सैद्धान्तिक छलफलमा भाग लिन पाउदा म सुदूरपश्चिम प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालय लगायत सरकारलाई हार्दिक धन्यबाद दिन चाहन्छु महत्वपुर्ण रहेको छ र पुर्वबक्ता माननीयहरुले भन्नु भएको छ यो संघिय सरकारको ढिलो सुस्तिको कारणले हामीले पनि ढिलो ल्याउन प्रने बाध्यता थियो तर यो महत्वपुर्ण छ भन्ने कुरामा बिबाद छैन खासगरि निजामती सेवा को भय पछि हाम्रो मुलुकमा राजा महारज ले नियुक्त गर्ने बडा हाकिमहरु त्यतिबेलाका सुबेदारहरु सुब्बा हरु भन्ने शब्दहरु हुन्थे । तिनिहरु राजा रजौटा हरुले नियुक्त गर्न पर्ने र उनिहरुको ईच्छा अनुसार चल्न पर्ने सैलीबाट भएको निजामती सेवा हो २००७ सालको क्रान्ति पछी लोकसेवाको गठन भय पछि त्सयको मर्यादित सेवा मुलक उत्तरदायी बनाउने हिसाबले यो लोकसेवा

मार्फत निजामती सेवा मा भर्ना लिने प्रबृति रहेको च र हाम्रो निजामती सेवामा हाम्रो सेवा मुलक भन्दा भाषण मुलक रहको छ रराजनीतिको अगाडिहुने यि समस्याहरु यथावत रहेका छन र यि कुराहरु महत्वपुर्ण रहेको छ कानुनी राज्यको स्थापना गर्न कानुनी राज्य अन्तर्गत जनतालाई लोकतन्त्रको प्रयोग गर्न निजामती सेवाको महत्वपुर्ण भुमिका हुन्छ । यदि लोकतन्त्र रहेन भने निजामती सेवाको कुनै अर्थ रहदैन मैल भने सामन्ति साशकले नियक्त गरेका को हैसियत र लोकतन्त्र भित्रका निजामतीका को है सियत फरक हुन पर्ने हो तर हामी जनता भन्दा फरक हौ हामी पढेलेखेका हौ भन्ने भावना छ कि भन्ने जनतामा अहिले पनि रहेको छ र हामी अहिले पनि यसको अवधारणा मोहित गर्नको लागि यो बिधेयक छिट्टै पाश भयेर हम्रो सु.प मा लागु हुन जरुरि रहेको छ कति बेला कर्मचारी अभावको आउछ कति बेला कर्मचारी भयर पनि सेवा नदियको समस्ता हुन्छ र कर्मचारीहरुलेर निर्णय कर्ताको बिचमा समन्यव नभयर समस्या आउछ यि यावत समस्याको समाधान यो बिधेयक हो । यो ऐनको रुपमा प्राप्त हुने हो भने कर्मचारी र राजीतिक निर्नय कर्ताको शासन र प्रशासनको को बिचमा समन्य हुने छ जनताले सेवा पाउने छन अग्रेजिमा सिभिल सर्भेन्ट भन्छ यिनिहरु साच्चिकै जनतका सेवक हुन हामीले भन्ने गरेका छौ राष्ट्र सेवक यि  साच्चिकै हुन भन्ने कुरा यो बिधेयकले गर्छ र यो बिधेयक साच्चिकै प्रदेशको बिकास गर्छ त्यसैल अब हामीले लोकसेवा ऐन पनि पास गरिसकेका छौ लोकसेवा सम्बन्धमा आयोग पनि गठन भै सकेको छ प्रदेश लोकसेवा आयोग अब यो बिधेयक नभएको कारणले लोकसेउको काम अगाडि बढ्न सकेकोछैन अब छिट्टै यो बिधेयक पारितभयर प्रदेश स्टाफ भयर काम हुन रहेका पदमार्फतपुर्ति गर्दे यो बिधेयक ले कर्मचारी अभावलाई पुर्ति गर्ने छ यतिमात्र होईन सक्षम ब्ययक्ति को हुने छ जिम्मेवार कर्मचारी प्रदेशको स्थायी सरकारको रुपमा हामीले लिने छौ भन्ने प्रदेशले लियको छ सभामुख महोदय त्यसैले सभामुख महोदय यो बिधेयक प्रदेशका सेवा सुबिधा सम्बन्धमा र प्रदेशको लोकसेवा आयोग मार्फत प्रात्प हुने कर्मचारीको सम्पुर्ण सेवा र उनुहरुलाई के दिने भन्ने सवै यसमा लेखेको छ र यसका १३२ वटा दफा रहेका छन र ३२ वटा दफामाकेहो कतै छुटेको छ भने अब यो सम्बन्धित समितिमा गयो भने केहि कुराहरु हुन सक्ने सम्भावना रहेकोले यसको आधारभुत महत्वपुर्ण कुरा यो बिधेयकमा आईसकेको छ र यो बिधेयकले आगामी दिनमा प्रदेशको सरकारलाई एउटा दरिलो खम्बाको रुपमा स्थायी सरकार प्राप्त गर्ने छ हामीले यो ३ बर्षमा भोगेको समस्या कर्मचारीको अभाव संघिय सरकार सँग सधै मागिरहनु पर्ने र उपयुक्त कर्मचारी सु.प को सन्दर्भमा त झनै एकदमै गाह्रो भएको कारणेल हामीले कर्मचारी नभा कारणले अब हामीले आफै कर्मचारीको भर्ना गरेर हाम्रो प्रदेशमा कर्मचारीको प्राप्त हुनेभय पछि निश्चित रुपमा यसको महत्व बढेको छ त्यसैले पनि आगामी दिनमा यो बिधेयकमा हामीले छलफल गरेर छिट्टै पारित गर्ने बिश्वास ब्यक्त गर्न चाहन्छु र यो बिधेयक प्राप्त भयकोमा प्रदेस सरकारलाई हार्दिक धन्यबाद दिदै आफ्ना भनाई टुंग्याउछु धन्यबाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय सु.प प्रदेस निजामती कर्मचारी सेवाको सम्बन्धमा बनेको बिधेयक हाम्रो बिचमा मेरो देश मेरो प्रदेश र यो बिधेयक पनि धेरै ढिलो पुग्यो हुन त हामी माथिको संघिय सरकार पनि रहेको छ त्यसको कति कारणले हामी प्रदेस पनि ढिलो हुन पुग्छौ माननीय पुर्बबक्ता साथिहरुले भनि सक्नु भएको छ संघिय सरकारले निजामति लाफ अलिकती ढिलो गरेको कारणले हाम्रो प्रदेशले अलिकति ढिलो ल्यायो यो बिधेयक चाहि ज्यादै महत्वपुर्ण बिधेयक हो यो बिधेयक ऐन बनेपछि कानुन बनेपछि हाम्रो प्रदेशमा कास गरेर निजामती क्षेत्रा ब्यवसायिक ढंगले सुदृढिकरण ढंगले यो सेवा मुलक ढंगले हरेक क्षेत्रमा पर्भावकारी ढंगले काम गर्ने छ भन्ने मलाई लागेको छ त्यो कारणले हामीले यो बिधेयकले पायका छौ वास्तवमा हामीले बिगत देखि यो सु.प मा  कर्मचारीको पिडा हामी भोग्दै आको प्रदेश हो अब यो कानुन बने पछि हाम्रो प्रदेशले बिभिन्न क्षेत्रमा पर्याप्त मात्रामा कर्मचारी पाउने छ र जसलाई हामीले एउटा स्थायि सरकार पनि बन्ने गर्चौ र त्यो प्रदेशको भविस्यसँग जोडेको हुन्छ प्रदेशको भविस्य बनाउन कोलागि यो देशलाई सफल बनाउन कि असफल बनाउने भन्ने कुरा कर्मचारीको हातमा धेरे कुरा हुन्छ सभामुख महोदय त्यसकारणले यो बिधेयक महत्वपुर्ण रहेको छ  यलाई चाडो हामीले सम्बन्धित समितिमा जाने छ र छलफल गरेर बृहत छलफल गरेर बुदा बुदामा छलफल गरेर शब्द शब्दमा छलफल गरेर हामीले यलाई पाश ग्रनु पर्छ र यलाई ऐन बनाउन पर्छ अनि हाम्रो प्रदेशको भविष्य यसैमा जोडेको छ त्यो कारणले यो बिधेयक राम्रो छ यसको लागि म प्रदेश सरकारलाई धन्यबाद दिन चाहन्छु धन्यबाद ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७८"** माथिको सामान्य छलफलमा बोल्ने समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **"सुदूरपश्चिम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७८"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु ।

माननीय सभामुख महोदय सु.प प्रदेश निजामती सेवामा को गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७८ माथि सामान्य छलफलको लागि सभामा छलफल भएको छ र त्यसको सैद्धान्तिक पक्षम प्रदेश सभाका माननीयहरले अमुल्य सुझाव दिनु भएको छ म सर्ब प्रथम यो सैद्धान्तिक छलफलमा भाग लिनु हुने माननीय सदस्यलाई हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । प्रदेश सरकारको निजामती सेवालाई व्यवस्था गर्नको लागि मर्यादिद र जन उत्तरदायित्व बनाउनको निमित्त ढिलो भय पनि यो प्रदेसको निजामति बिधेयक हामीले सदनमा पेश गरेकाछौ साबैले गरि कर्मचारी अभाव सरकारले पारित गरेका निर्णयहरु नीतिहरु सरकारको बजेट कार्यान्वयनको निमित्त संघको मुख ताक्न प्रने हामीले हाम्रो आवश्यकता महशुस गरेका क्षेत्रेमा प्राविधिक अप्राविधिक र प्रशासनिक कर्मचारीको

जहिले पनि अभाव हुने र फलस्वरुप हाम्रो बजेट कार्यान्वयन गर्ने कुराहरु र हाम्रो बजेट पुजिगत गर्ने कुराहरु समयमा सबै काम सम्पन्न हुने कुराहरु देखि लियर जनताका गुणस्तर बाट हामी ले यो प्रदेश बञ्चित रहेको अवस्था र धेरै कामहरु समयमा नै हुन नसक्ने कारणेल गर्दा खेरि अहिलेको अवस्थामा माननीय हरुले जिज्ञासा राखुभएको छ प्रदेशको सर्ब भै सकेको यसमा कलेज बाट यो प्रदेशमा कति जना प्राबिधिक जनशक्तिको आवश्यकता रहेको छ कति जना अप्राविधिक जनशक्तिको आवश्यकता छ सबै कुराहरुको टुंगो लागि सकेकोहुनाले संघिय निजामती ऐन समयमा जारी भयर त्यसको कार्यान्वयन हुन नसकेको भए पनि हामीले त्यसको निजामती यो सेवाको गठन र सय्चालनमा र यसको बिषयमा व्यवस्था गर्न बनेको बिधेयक हामीले यलाई समयमै सभाबाट पारित गर्यौ समयमा यलाई समितिमा बिज्ञसँग छलफल गरेर सुझावहरु पेश गरियो भने एउटा छलफलको आयोजना गरेर हामीले त्यहाबाट अगाडि बढाचउने हो भने प्रदेश सभाले पारित गरिसके पछि छिटो बन्दा छिटो प्रदेस सभाका कर्मचारीको अभाव पुरा हुने गरि हामीले चाहि यो बिधेयक हामीले ऐनको रुपमा प्राप्त गर्ने छे भन्ने कुराहरुमैल आशा गरेको छु र आ.ब बाटै यो बिधेयकलाई कार्यान्वयन गर्ने उद्देश्ले प्रदेशमा धेरै युवाहरुलाई सरकारी सेवामा प्रवेश गराउने निजामति सेवामा प्रबेश गराउने ढंगले पनि यो बिधेयक कार्यान्यवनमा जाने भन्ने कुराहरु प्रदेश सरकारको तर्फबाट बिश्वास दिलाउदै माननीय सदस्यहरुलाई पुनः म धेरै धेरै धन्यबाद दिन चाहन्छु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीलाई **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक "२०७८ ,**लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय मसुदूरपश्चि प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक "२०७८ ,लाई दफावार छलफलको लागि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम विधायन तथा प्रदेश मामिला समितिमा पठाईयोस् भनी प्रस्ताव पेश गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरु,**

अब म ,आन्तरिक मामिला तथा कानून मन्त्री माननीय पूर्णा जोशीले पेश गरेको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ"भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले भन्नुहोला "हुन्न" ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*("हुन्छ" भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **मसुदूरपश्चि" प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक "२०७८ ,**लाई दफावार छलफलको लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चम प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक "२०७८ ,**माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न बिधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री

**माननीय मान बहादुर धामीलाई अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को खण्ड (क) बमोजिम  सभामा छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*हुन्छ "भनेपछि*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*"हुन्न" भनेपछि*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको बिधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु**

अब, **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी बिधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय बल बहादुर सोडारी लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक लाई अर्थ बिकास समितिले दफावार छलफल ११ जना समितिका सददस्यहरु र उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्रीज्यू र  सचिवज्यू लगायतको उपस्थितमा दफा नम्बर १ देखि लिएर १९ सम्मका दफामा शंशोधन गरेर व्यपक छलफल गरेर यो बिधेयक यो सभामा पेश भएको छ र यो समितिले दफावार छलफल गरेर निर्णय गरि पठाको यो बिधेयक सु.प मा प्रदेश बातावरण संरक्षण गर्न बनेको बिधेयक धेरै पछि यो समितिले पाश गरेर यो अर्थ बिकास समितिबाट आको छ यसमा सबै कुरा हरु हेर्दा ठिकै लायको छ र यो सु.प बाताबरण सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक लाई छिटो पाश गर्न पर्ने थियो त्यहि पनि धेरै बैठकहरु समितबाट गरेर अन्तिम दिन

०७८/०३/१० गतेको त्यो दिन बाट भयको छ र त्यो यो आवश्यकता रहेको छ र यो बिधेयक पारित गर्नु पर्छ भन्ने भनाईका साथ मेरो भनाई राख्छु धन्यबाद ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक लाई ल्याको छ यसलाई प्रतिस्थापन गर्ने हो यो बिधेयक आएको छ र बिषय गत समितिले दफावार छलफल गरेर त्यलाइ प्रतिवेधन पेश गरिसकेको छ र त्यले धेरै दफामा बिधेयकको एकको पनि धेरै दफाहरु करिव ५ वटा दफाहरु शंशोधन गरेको छ अथवा बिधेयक भन्दा फरक ढंगले ल्याको मैले देखे अब परिच्छेद २ को पनि दफा २२ मा यले साबिकको व्यवस्था हटायर यले सरकारले गरेको व्यवसथा देखे मैले र यसमा अनुसुचि २ को पनि थुप्रे दफाहरुबिना नै ६ वटा दफाहरु लाई यले शंशोधन गरेको छ यद्यपी त्यो दफाहरु मैले सर्सीति हेर्दा १० वटा दफालाई यले संसोधन ग रेको छ परिमार्जन गरेको छ यो गर्दा बिधेयकको व्यवस्था र यसको व्यवस्थामा हेर्दा साना उद्योग र मझौला उद्योगलाई बाताबरण सँग सम्बनन्धित बिषयलाई गर्ने नगर्ने भन्नयले छयको कस्तो खालको ले गर्न पाउने भन्ने देखे मैले बातारण सँग सम्बन्धित त्यसैले जुन यो बिधेयक सदनमा छिटो पास हुन प्रने २०७७ शालमा बातारण बिधेयक पाश भएको थियो त्यो बेला हुन प्रने बिधेयकछिटो छरिटो आको भय यलाई अहेल सम्म कार्यान्वयनमा लान हुने थियो र पनि फेरि हामीले जुन प्रस्तुत भएको छ यो बिधेयक आउने आ.ब मा छिटो कार्यान्वन हुने गरि किनकिनन यले हामीलाई सडक निर्माण देखि लियर साना मझौला उद्योग निर्माण गर्नौ देखि लियर अन्य बिधेयक मा पनि यले ल्याको छ त्यसेले गर्दा खेरि बातावरण सँग धेरै कुरालाई यले कभर गर्ने भएको कारणले यलाईचाडै ने पाश गर्न पर्छ भन्ने कुरा राख्दै आफ्नो भनाई यहि राख्छु धन्यबाद

**माननीय गोविन्द राज वोहरा**

माननीय सभामुख सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक लाई छलफलको समबन्दमा हामी अगि बढि रहेका छौ साच्चिकै यो बिधेयक महत्वपुर्ण रहेको छ यो अगाडि नै आउन प्रने थियो बिलम्ब आको छ किनभन्दा खेरि आज ग्लोवल ईन्भाईरोमेन्टको सन्दर्भमा अध्यन भै रहेको छ मानव जिबनलाई जोडेर बिभीन्न किसिमक बातावरणी प्रभावले मानव देखि सम्पुर्ण कुराहरु जोडेने कुराहरु रहेको छ र त्यसैले यो बिध्यक महत्वपुर्ण हो र यो हामीले छिटै पाश गरेर यलाई कानुन म, परिणत गरेर यलाइ लागु गर्न प्रने ब्यवस्था हाम्रो सामुमा रहेको छ त्यसको प्रस्तावना मा धेरै महत्वपुर्ण कुरा लेखेको छ त्यसलाई औल्यायर हामी अगडी बढ्यौ भने हाम्रो देैश हाम्रो प्रदेश हाम्रो समाज अगाडी बढ्न सक्छ नागरिकका मौलिक हकहरु हनन गर्ने गरि बातावरीय प्रभाब जहा परेको छ त्यसलाई सरकारले सुरक्षित गर्न प्रछ अधिकारको हनन् गर्न हुदैन प्रदुषण बाट जनातालाई कसरि बचाउने भन्ने कुरा रहेको छ बिश्वमा उद्योग धन्दाहरु खुलेका छन अक्सिजनका उद्योग धन्दा हरु पनि खुल्छन अनि पोईजनका उद्योग पनि खुलेका

छन । बिषालु ग्यासहरु पनि बनाउन पर्ने आवश्यकता रहेको छ तर त्यसको व्यवस्थापन त्यसको यरिया कहा राखु पर्छ के राखुपर्छ भन्ने कुरा राज्यले त्यसको नीधो गर्न प्रछ त्यसको ब्यबस्था गरन पर्छ वा व्यवस्थापन गर्न पर्छ त्यो सम्बन्धी कानुन कडा बनाउन पर्छकिन भने त्यले सानो पनि असर एउटा समाजमा एउटा टोलमा गर्यो भने धेरे मान्छेको ज्यान पनि जान सक्छ देरे किसिमका बिरामि हरु पनि हुन सक्छन त्यो भएको कारणले यो बिधेयक महत्व पुर्ण रहेको छ र बिकास नगरि हुने चिज हो यसको सँगै बिनाश पनि भैराखेको हुन्छ । बिकास गर्न पर्ने अनिवार्य रहेको छ त्यको पछाडि बिनाश पनि भै रहेको छ त्योलाई आधार बनायर हामीले बिकास गर्न पर्ने जरुरि रहेको छ त्यो सोचको आधारमा हामीले अगाडि बड्न पर्छ किनभन्दा खेरि बिनाको अध्ययन गर्न सकेन भने हामी बिकास त हरि राखेका छौ तर त्यले समाजमा कुन असर परिराखेकोछ भन्ने कुरा त्यसको सँगै गर्नु पर्ने जरुरि रहेको छ आज हामी पलान्टेशन गर्छौं हरेक कुरा समय समयमा किनभने बातारण दुसित हुने हो भने हाम्रो भविष्य नै अन्धकार रहन्छ त्यो भविष्य उज्वल बनाउनको लागि सबै कानुन बनायर अगाडि बढ्न पर्न हुन्छ र यो बिधेयक ले ति कुराहरुमार्ग निर्देशन गरेको छ र राम्रो छ त्यसैले यो ऐन २०७५ अन्तर्गतको बिस्थापन व्यवस्थाको अहिलेको अध्यादेश यो ६० दिन भित्र गरिसक्नु पर्ने हो तर त्यसको कानुनी बाध्यताले गर्दा त्यो गर्न सकेनौ र हामी यो बिषयमा छिटो ल्याउन पर्छ भन्ने कुरा नेपाली कांग्रेसको संशदिय दलमा छलफल गर्दा खेरि यो बिधेयक महत्वपुर्ण रहेको छ यसमा बिलम्ब गर्नु हुन्न र त्यसमा सानातिना समस्याहरु रहेको छ भने त्योलाई हामीले सुल्झयार छिटो भन्दा छिटो पाश गर्न पर्छ भन्ने हाम्रो एउटा सोचाई भनेको हो र त्यसैले हामी यसलाई अगाडि बढाईरहेका छौ साच्चिकै भन्ने हो भने वातावरणलाई हेर्न सकेन भने अप्ठ्यारो परिस्थित बन्न सक्छ यकातिर हामी चुरे पर्बको दोहनको कुरा आएको छ अर्को तिर राष्ट्र पति चुरे संरक्ष भनेर राज्यको बजेट छुट्याको छ यो २ वटा कुराहरु चलेका छन चुरे त हामीले हाम्रो वचाउन पर्नेआवश्यकता हो यदि वचाउन सकेन भने बातावरणीय प्रभाव पर्न तराइको डुबान देखि लिएर सम्पुर्ण कुराहरु त्यो भित्र आधारित हुन सक्छ त्यो भएको कारणले चुरेलाई कसरि संरक्षणं गर्ने त्यसको लागि के पलान बनाउने भन्ने हाम्रो प्रदेश सरकारले सोचनु पर्छ भन्ने म आग्रह का साथ म आफ्नो भनाइ यहि राख्छु धन्यबाद ।

(ग) माननीय मालामती कुमारी राना

माननीय सभामुख महोदय आज हामी सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि हामी दफावार छलफलमा छौ यो एकदम महत्वपुर्ण बिधेयक हो यो विधेयकामा हाम्रा माननीयहरुले सचिवहरुले गहन छलफल गरेर ल्याउनु भएकोछ म उहाहरुलाई धन्यबाद दिन चाहन्छु र वास्तवमा यो बातारण संरक्षण बिधेयक भन्नाले एउटा स्वच्छ बातारनमा बाच्न पाउने मौलिक अधिकार पनि हामीलाई रहेको छ यो मौलिक हक छ भन्ने हामीले बुझ्दे राखेको छौ र यो बाताबरणिय प्रदुषण वा ह्लासबाट हुन असरलाई समेत कानुन बाट ब्यवस्था यसमा गरेको छ र माननीय सभामुख महोदय मैले अहिले सम्म हेर्दै र बुझ्दै आएकोमा राष्ट्रपि जुन देश भरि यो कार्यक्रम लागु रहेको छ यो राष्ट्रपति कार्यक्रमले एकदमै देशलाई बिकासको नाममा

यले बिनाश गरिरहेको छ किन भन्दा खेरि यो चुरे भावर जुन राष्ट्रपतिको जुन बजेट एकदमै दुरुपयोग भयको छ यो चुरे संरक्षणको नाममा चाहि एकदम बिनाश भएको छ माननीय सभामुख महोदय एकदमै बिनाश भयको य सायद यति हाम्रो बाढि पहिरो आउने थियन र चाहि अहिले चाहि कैलाली कञ्चनपुरको खेति योग्य जमिन उर्वरा जमिन एकदमै चाहिने ह्रास पारेको छ र  खेतिको नाममा खालि नाम मात्र कैलाली कय्चनपुर चाहि हामीले हेर्न सकिरहेका छौ जुन कैलाली कञ्चनपुरको धान उत्पादान हुने अनाज उत्पादान हुने ठाउ थियो त्यो चाहि जहासम्म लागछ मलाई यले पहाडको सात जिल्ला लाई धाईरहेको थियो तर यहाको जमिन पनि खेति यिग्य जमिन यो राष्ट्र पति कार्यक्रमले गर्दा यो राष्ट्र पतिको बजेटले यसको दुरुपयोगगरेको छ यसको सदुपयोग हुनन जरुरि रहेको छ यसको सु.प प्रदेश सरकारले एकदमै निगरानी गर्न परेछ र यसको संरक्षण गर्न पर्छ यदि प्रदेश सरकारले यसको संरक्षण गरेन भने यो यकेदमै बिनाश हुने छ भन्ने मलाई ला गेको छ त्यो भएको कारणले माननीय सभामुख महोदय यो बिधेयक एकदम महत्वपुर्ण रहेको छ यसमा क्रम संख्या १९ सम्म रहेको छ यसमा मैले फेरि यो भन्न चाहन्छु मेरो सुझाव हो भन्दा पनि नहुन पनि सक्छ तर मैले यसमा दिन चाहन्छु क्रम संख्या चार मा अनुसुचि १को क बन क्षेत्र जुनछ यसमा  जुन बिजुलि प्रसारण बाहेक को अन्य कामको लागि बनको मात्र हुने छ यसमा बन संरक्षण क्षेत्र र त्यसमा भयको मध्यबर्ति क्षेत्र बातारण सम्बन्धी क्षेत्र को बनको गर्ने भनेको छ मलाई लागेको छ यसमा पनि प्रयोग गर्ने छ भने यसको सिमा तोक्न परने छ आधारमा हामीले त्यसको सिमा तोकेर त्यो को आधारमा जान परछ सयौ बर्ष उले सञ्चालन गर्दै आएको थियो त्यो बेला बिचको आधारमा यसमा व्यक्त हुन पर्छ बन्ने मलाई लागेको छ माननीय सभामुख महोदय अनि अनुसुचि २ मा बन क्षेत्र यसमा बिद्युत प्रसारण लाईनको कुरा रहेकोछ यसमा त्यो पनि एउटा गौरवको योजना हो त्यो भित्र अरु पनि योजना पर्न सक्छन जस्तै सिचाइ योजना र प्रदेश राजमर्ग हरु पर्न सक्छन त्यो भएकोले त्यसमा बिद्युत प्रसारण लाइन निर्माणमा प्रदेशका गौरवका योजना र राजमार्ग बाहेक अन्य प्रयोजनका लागि भन्ने थप्नु पर्छ भन्ने मलाई लागि रहेको छ माननी सभामुख महोदय दोस्रो कुरा चाहि १९को अनुसुची ३ मा रहेको छ ५० मिटर भन्दा बढि उचाई भयका भवन को निर्माण गर्ने ५० मिटरभन्दा बढिउचाई अब कति उचाई सम्म हामीलेबढाउने एउटा भिउ टावर जस्तो लामो हामीले घर बनाउने हो कि यसमा हामीले सिमा निर्धारण गर्नु पर्छ भन्ने मलाइ लागेको छ र यसमा भन्दा बढि लागेको छ १०० मिटर सम्म राखौ हामी यसमा धन्यबाद ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित बिधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, बिधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीलाई **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि छलफल गर्नु हुने र महत्व पुर्ण सुझाव दिने माननीय हरुलाइ म हृदय देखि नै धन्यबाद दिन चाहन्छु । माननीय सभामुख महोदय मार्फत यो सदनलाई हार्दिक आभार ब्यक्त गर्न चाहान्छु खास गरेर अर्थ बिकास तथा स्रोत समितिमा धेरै लामो छलफल यो अध्यादेशलाई व्यवस्थापन गर्न बनेको बिधेयकमा छलफल भयो र आज सदनमा यो प्रदेशको बातावरण रक्षाको लागि जुन बिश्वमा एउटा हरित गृह उत्सर्जन ग्याले बिश्वको बाताबरण धुलित पारेको यो अवस्थामा हामीले धेरै हाम्रो देश र अझ सु.प प्रदेशले जुन खालको बाताबारण सरक्षणलाइ जोगाउनको लागि जुन भुमिका गरेको छँ त्यो एकदमै ठुलो रहेको छ माननीय सभामूख महोदय त्यसकारणले पनि हाम्रो अर्थ बिकास तथा प्राकृतिक स्रोत समितिमा धेरै लामो समय सम्म सफल भएको हुन पर्छ बन्ने मलाई लागेको छ किन भन्दा खेरी अहिलेको बिश्व समुदायको ध्यान आकर्षन नै हाम्रो बातावरणलाइ हामीले हाम्रो बातावरणलाई कसरी जोगाउने भन्ने हामी सबैको चिन्ता र चासोको बिषय बनेको छ त्यो कारणले लामो बहस अझै दफावार भन्दा पनि अक्षर अक्षर छलफल भएको मलाई अनुभूति भएको छ त्यसकारणले माननीय सदस्यहरुले जुन बिषय बस्तु हरु उठान गर्नु भएको छ उहाहरुका धारणा हरुलाई उहाहरुका यो बातावरण रक्षा सम्बन्धीका चासि चिन्तालाई उहाहरुको जुन उद्देश्य रहेको छ त्यो माथि सु.प प्रदेश सरकार गम्भिर छ र सकारात्मक ढंगले लागिराखेको कुरा म यो सदनलाई अवगत गराउदै पुन माननीय हरुलाई बिशेस धन्यबाद ब्यक्त गर्न चाहन्छु धन्यबाद ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २० (बिस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई बिधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि २० (बिस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले बिधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, बिधेयकका २ देखि २२ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धित उपदफाहरू तथा अनुसूची १ देखी १५ सम्मका अनुसूचीहरु **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ बिधेयकको २ देखि २२ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धित उपदफाहरू तथा अनुसूची १ देखी १५ सम्मका अनुसूचीहरु सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, बिधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हकको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण र अनुकूल प्रभावलाई बढावा गर्न, सम्पदाको संरक्षण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई न्यूनीकरण र अनुकूलनका माध्यमवाट सामना गर्न बनेको सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण  अध्यादेश, २०७७  लाई प्रतिस्थापन गर्न वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण ऐन, २०७७"** रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**माननीय सदस्यहरू,**

अब म, बिधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ बिधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म, बिधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीलाई **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय "सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक" लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यबाद

**माननीय सदस्यहरू,**

अब म, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय मान बहादुर धामीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, २०७७ लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश वातावरण संरक्षण अध्यादेश, लाई प्रतिस्थापन गर्ने सम्बन्धमा व्यवस्था** ᳚ण्ठठ **गर्न बनेको बिधेयक** "माथिको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७८ साल आषाढ २७ गते आईतबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।